## सूर्योदय नगरपालिकाको सवारी तथा यातायात व्यवस्थापन ऐन, २०७६ लाई संशोधन गर्न बनेको ऐन, २०८१

स्वीकृत मिति: २०८१।०३।११

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ मा भएका केही व्यवस्थाहरूलाई संशोधन गर्न वाञ्छनीय भएकोले सूर्योदय नगरपालिकाको नगरसभाले यो ऐन बनाई लागु गरेको छ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भ:** (१) यो ऐनको नाम "सूर्योदय नगरपालिकाको सवारी तथा यातायात व्यवस्थापन ऐन, २०७६ लाई संशोधन गर्न बनेको ऐन, २०८१" हुनेछ।

(२) यो ऐन नगरसभाबाट पारित भई प्रमाणीकरण भए पश्चात तुरुन्त लागु हुनेछ।

**२. विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा:**

(क) "मूल ऐन" भन्नाले "सूर्योदय नगरपालिकाको सवारी तथा यातायात व्यवस्थापन ऐन, २०७६" लाई सम्झनुपर्छ।

**३. मूल ऐनको दफा १२(१) को (ज), (झ) र (ञ) को सट्टा तपसिल बमोजिम राखिएको छ।**

(ज) यो ऐन लागु भए पश्चात सूर्योदय नगरपालिका क्षेत्रभित्र नयाँ तीन पाङ्ग्रे सवारी साधन दर्ता सूचीकरण गर्न पाइने छैन।

(झ) यस कार्यालयमा दर्ता सूचीकरण भई हाल सञ्चालनमा रहेका तीन पाङ्ग्रे सवारी साधनहरू पुराना भई नचल्ने अवस्थामा वा विग्रिएर लिलामी गर्नुपर्ने भएमा उक्त सवारी साधनको सट्टा सम्बन्धित सवारी धनिलाई नयाँ तीन पाङ्ग्रे सवारी साधन ल्याउन बाधा पर्ने छैन।

(ञ) तीन पाङ्ग्रे सवारी सञ्चालन गर्न एकासंगोलको घरपरिवारलाई एउटा मात्र तीन पाङ्ग्रे सवारी साधन सञ्चालन गर्न अनुमति दिइनेछ।

**४. मूल ऐनको दफा १४. पछि १४.क. थप गरिएको छ।**

१४.क. जरिवाना सम्बन्धी थप व्यवस्थाः

(१) दफा १३ बमोजिम नगरपालिकामा दर्ता सूचीकरण भएका तीनपाङ्ग्रे सवारी साधनहरूले नगरपालिकाको स्वीकृत आर्थिक ऐनमा तोकिए बमोजिम दस्तुर बुझाई असोज मसान्तभित्र नवीकरण गराउनु पर्नेछ। यदि तोकिएको समयावधिभित्र नवीकरण नगरेमा तपसिल बमोजिम कारवाही हुनेछ।

- नवीकरण समयावधि नाघेको प्रथम तीन महिनासम्म सवारी दर्ता गर्न लाग्ने दस्तुर बराबर जरिवाना लाग्नेछ।
- असार मसान्तसम्म नवीकरण नगरेमा पाँच हजार रुपैँया जरिवाना लाग्नेछ।
- विविध कारणले नवीकरण गर्न एक आर्थिक वर्ष पश्चात् थप ६ महिनासम्म नवीकरण नगरेमा दश हजार रुपैँया जरिवाना लाग्नेछ।
- माथि तोकिएको अवधिभन्दा बढी समयावधिभित्र पनि तीनपाङ्ग्रे सवारी साधन नवीकरण नगरेमा उक्त सवारी साधनको दर्ता खारेज गरी यस नगरपालिका क्षेत्रभित्र सञ्चालन गर्न रोक लगाइनेछ।

(२) दफा १२ (१) (ज) बमोजिम पूर्व स्वीकृति नलिई तीनपाङ्ग्रे सवारी साधन खरिद गरी अनाधिकृत रुपमा नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने तीनपाङ्ग्रे सवारी साधनको हकमा देहाय बमोजिम हुनेछ।

(क) नगर क्षेत्रभित्र अनाधिकृत रुपमा सञ्चालन भैरहेको समितिले जानकारी प्राप्त गरेको मितिले ७ दिनको समय दिई नगर क्षेत्रबाट हटाउन खरिदकर्ता/ सवारीधनीलाई लिखित निर्देशन/ सूचना दिने ।

(ख) खरिदकर्ता/ सवारीधनीले सूचना जारी गरेको ७ दिनभित्र उक्त सवारी साधन नहटाए पाँच हजार रुपैँया जरिवाना गरी पुनः ७ दिनभित्र नगर क्षेत्रबाट हटाउन अन्तिम पटक निर्देशन दिने।

(ग) अन्तिम पटकको निर्देशनलाई समेत व्यवस्था/ अटेर गरी तीनपाङ्ग्रे सवारी साधन सञ्चालन गरेको पाइएमा उक्त सवारी साधन जफत गरी प्रचलित कानून बमोजिम लिलामी प्रक्रियाका लागि कारवाही चलाउने ।

(३) उफदफा (१) बमोजिम दर्ता खारेजीमा परेका तीनपाङ्गे सवारी साधनको हकमा समेत उपदफा (२) बमोजिम हुनेछ।